# नेपाल राष्ट्र बैंकको
# नगद नेपाली तथा विदेशी मुद्रा ओसार पसारमा प्रतिबन्ध लगाइएको सम्बन्धी सूचना

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ को व्यवस्था बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०७१।१०।१५ गते नेपाल राजपत्र भाग ५ मा प्रकाशित गरेको सूचनामा नेपाली नागरिकले यस बैंकले व्यवस्था गरेको वाहेक नेपाली तथा भारतीय मुद्रा अन्य मुलुकमा लैजान वा पठाउन नपाइने र भारत बाहेक अन्य मुलुकबाट ल्याउन नपाइने व्यवस्था रहेको र विदेशी नागरिकको हकमा यस बैंकले तोकि दिएको सीमा भन्दा बढी विदेशी मुद्रा लैजान वा ल्याउन परेमा त्यस्ता व्यक्तिहरुले नेपाल प्रवेश गर्दा आफुसँग ल्याएको नगद विदेशी मुद्राको हकमा त्यस्तो विदेशी मुद्राको रकम भन्सार अधिकृत समक्ष घोषणा र प्रमाणित गरेको हुनु पर्नेछ भन्ने व्यवस्था रहेको हुँदा नेपाली मुद्रा तथा विदेशी विनिमयको ओसार पसारमा नियन्त्रण गर्ने प्रयोजनका लागि देहाय अनुसारको सीमा तथा व्यवस्था कायम गरिएकोले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ को अधिकार प्रयोग गरी सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाली वा विदेशी नागरिक अन्य मुलुकमा जाँदा प्रतिव्यक्ति नेपाली रुपैयाँ ५,०००।- भन्दा बढी साथमा लैजान वा अन्य मुलुकबाट साथमा लिई आउन पाउने छैन ।
२. नेपाली वा विदेशी नागरिकले नेपालबाट अन्य मुलुकमा जाँदा प्रतिव्यक्ति अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी नगदै साथमा लैजान पाउने छैन । तर विशेष प्रयोजनका लागि पासपोर्टमा बैंकले दरपिठ गरी सटही दिएको हकमा सो बन्देज लाग्ने छैन ।
३. नेपाली वा विदेशी नागरिकले नगद विदेशी मुद्रा अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी साथमा ल्याएको वखत भन्सार घोषणा गरी प्रमाणित गरेको हुनु पर्नेछ ।
४. उपरोक्त व्यवस्था कार्यान्वयनमा कुनै वाधा अडकाउ परेमा सम्बन्धित पक्षले नेपाल राष्ट्र बैंकमा निवेदन दिई त्यस्तो वाधा अडचन फुकाउन सकिनेछ ।

**कार्यकारी निर्देशक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**